भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(नवौं बैठक)

आज मिति २०७९ मंशिर १५ गते बिहिवारका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टाँसी शर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत)

श्री भवानी श्रेष्ठ लेखा अधिकृत

श्री वीरेन्द्र ब. श्रेष्ठ शिक्षा अधिकृत

श्री गंगानाथ पौडेल IT प्रमुख

श्री तेजप्रसाद ढकाल

भोटेकोशी गाउँपालिका
ठूलोपिपलडाँडा उकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु :

प्रस्ताव नं. १ : समपुरक र विशेष अनुदानको योजना छनोट सम्वन्धमा ।

प्रस्ताव नं. २ : विशेषज्ञ सेवा (डाक्टरको सेवा) विस्तार सम्वन्धमा ।

प्रस्ताव नं. ३ : भैरवकुण्ड आ.वि. को गत वर्षको प्रथम चौमासिक भुक्तानी छुट सम्वन्धमा ।

प्रस्ताव नं. ४ : कोदारी मा.वि. र झिर्पु मा.वि. को मन्टेश्वरी कक्षा संचालनको भुक्तानी बाँकी रकम सम्बन्धमा ।

प्रस्ताव नं. ५ : वर्थिङ सेन्टरको लागि वडा नं. ५ को चाकु स्वास्थ्य चौकीलाई भवन सम्बन्धमा

प्रस्ताव नं. ६ : कार्यालय प्रयोजनको लागि सवारी साधन खरिद सम्वन्धमा ।

प्रस्ताव नं. ७ : धुम्ति शिविर संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट संचालन गरिने योजना छनोट सम्बन्धमा ।

प्रस्ताव नं. ९ : आपतकालिन कार्य संचालन केन्द्रको लागि सामाग्री C.S.R.C. सग माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० : विपद तथा आगलागि जन्य जोखिमबाट प्रभावित लाभग्राही कायम गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ : ढुङ्गा गिटी र बालुवा स्थानीय स्रोतबाट प्रयोग भई भरपाई पेश हुने विलहरुको (ठेक्का पट्टा र भ्याट विल बाहेकको) सम्बन्धमा

प्रस्ताव नं. १२ : वडा नं १ र ३ को योजना सम्बन्धमा ।

प्रस्ताव नं. १३ : नियमित औषधि खानु पर्ने दिर्घ रोगिहरुले निशुल्क औषधि तथा आर्थिक सहायता माग सम्बन्धमा ।

प्रस्ताव नं. १४ : सडक क्षेत्रमा परेको जग्गाको लगत कट्टा सम्बन्धमा ।

प्रस्ताव नं. १५ : डम्पिङ साईड निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १६ : जग्गा कित्ताकाट सम्बन्धमा ।

प्रस्ताव नं. १७ : गाउँ प्रहरी सम्बन्धमा ।

प्रस्ताव नं. १८ : शैक्षिक छात्रवृत्ति सम्बन्धमा ।

प्रस्ताव नं. १९ : कोदारि चौकी डाँडा मोटर बाटो सरसफाई सम्बन्धमा ।

प्रस्ताव नं. २० : बृहत सास्कृतिक कार्यक्रम खर्च अनुमोदन सरसफाई सम्बन्धमा ।

प्रस्ताव नं. २१ : टुसारे धारापानी मोटर बाटो सम्बन्धमा ।

प्रस्ताव नं. २२ : नर्म्स प्रयोग सम्बन्धमा ।

प्रस्ताव नं. २३ : हेभी इकुइमेंट प्रयोग हुने इन्धन सम्बन्धमा ।

प्रस्ताव नं. २४ : जिल्ला समन्वय संग बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं २५: पालनपोषण सम्बन्धमा ।

प्रस्ताव नं २६: मतदाता शिक्षा तथा निर्वाचन खर्च अनुमोदन सम्बन्धमा ।

भोटेकोशी गाउँपालिका
लिस्तीकोट, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## निर्णयहरु

**निर्णय नं. १:**

यस चालु आ ब २०७९/०८० मा समपुरक र विशेष अनुदानमा संचालन हुने आयोजनाहरु कार्यविधिमा उल्लेख भए बमोजिमको बजेट सिमामा रही वडागत रुपमा प्रतिवडा १/१ वटा योजनाहरु छनौट गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस भोटेकोशी गाउँपालिकाको कोभिड अस्पतालको कार्यरत डाक्टरले यस गाउँपालिका भित्र रहेका अन्य चार वटा स्वास्थ्य चौकीहरुमा महिनाको २/२ दिन आवश्यक औषधि उपकरण सहित विशेषज्ञ सेवा (डाक्टरी सेवा) उपलब्ध गराउने, साथै सो सेवा उपलब्ध गराए बापत डाक्टरलाई आवश्यक पूर्वाधार, औषधि/उपकरण, यातायात खर्च र खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

भैरवकुण्ड आ.वि. को गत वर्षको प्रथम चौमासिक भुक्तानी छुट भएको रकम यस चा.लु. आ.व मा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**

कोदारी मा.वि. र झिर्पु मा.वि. को मन्टेश्वरी कक्षा संचालनको भुक्तानी दिन बाँकी रकम अनुगमन गरि स्रोत एकिन गरि भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ५:**

बर्थिङ सेन्टरको लागि वडा नं. ५ को चाकु स्वास्थ्य चौकीलाई भवन निर्माणको लागि आवश्यक बजेट विशेष अनुदानबाट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

सवारी साधन शिर्षक अन्तर्गत विनियोजित रकम ६० लाख मध्ये ५१ लाख बजेट भित्र रही कार्यालय प्रयोजनको लागि १ थान स्कुटर, १ थान मोटरसाइकल र १ थान चार पांग्रे सवारी साधन खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

गाउँपालिका बाट प्रदान हुने सेवाहरु स्वास्थ्य, कृषि, पशु, योजना लागयतका जनता संग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक सेवाहरुको कार्यतालिका २०७९ पौष १५ देखि पौष २५ सम्म संचालन गर्ने गरि घुम्ति शिविर संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट चालु आ.व.मा सम्पन्न भैसकेका आयोजनाहरु अनुमोदन गर्ने साथै बाँकि बजेटको लागि योजनाहरु छनोट गरि पेश गर्ने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ९:

भोटेकोशी गाउँपालिकामा रहेको आपतकालिन कार्य संचालन केन्द्रको लागि आवश्यक पर्ने सामाग्रीहरु C.S.R.C. सँग माग गर्ने निर्णय गरियो।

निर्णय नं. १०:

यस गाउँपालिका भित्र विपद तथा आगलागि जन्य विपद् बाट क्षती पुगेको परिवारहरुको लागि नियमानुसार वडा विपद समिति बाट लाभग्राही कायम गरि गाउँपालिकामा पेश गर्ने निणर्य गरियो ।

निर्णय नं. ११:

ढुङ्गा गिटी र बालुवा स्थानीय स्रोतबाट प्रयोग भई भरपाई पेश हुने विलहरुको (ठेक्का पट्टा र भ्याट विल प्रयोग गरेकोमा नपर्ने गरी) म.ले.प प्रतिवेदनले औंल्याए बमोजिम राजश्व असुलि गरि भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १२:

वडा नं १ को च नं ४०१ मिति २०७९/०७/२० को प्राप्त सिफारिस पत्रानुसारको टुसारे गुम्बा वाल निर्माण योजनालाई शिर्षक परिवर्तन गरि टुसारे गुम्बा रङ रोकन कायम गर्ने साथै वडा नं ३ को च नं. १७७ मिती २०७९/०८/१५ को प्राप्त सिफारिस पत्रानुसारको साङ्गे छोलिङ ञीङमा तामाङ गुम्बा निर्माण योजना को ७ लाख छुट्याइएको र तामाङ गाउँ गोरेटो बाटो तथा नाला निर्माण शिर्षकको रु ५ लाख मध्ये गोरेटो बाटो निर्माण गर्न रु २ लाख र बाकि रु ३ लाख ञीङ्गा तामाङ गुम्बा निर्माणको लागि थप गरिने गरि १० लाख बराबरको काम साङ्गे छोलिङ ञीङ्गा तामाङ गुम्बा निर्माण उपभोक्ता समिती मार्फत काम गराउने निर्णय गरियो।

निर्णय नं. १३:

यस गाउँपालिका भित्र रहेका अति विपन्न तथा आर्थिक अवस्था अत्यन्तै कमजोर भएका नागरिकहरुले नियमित औषधि खानु पर्ने भएमा वडाको सिफारिस तथा स्वास्थ्यकर्मीको पुर्जा अनुसार औषधि उपचारको लागि अधिकतम रु १०,०००।-(अक्षरुपी दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४:

यस गाउँपालिका भित्र रहेका सडक क्षेत्रमा पर्न गएको नागरिकहरुको जग्गाको लगत कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. १५:

पालिका भित्रको फोहोर व्यवस्थापनको लागि पालिका स्तरीय डम्पिङ साईड निर्माणका लागि आवश्यक जग्गा खोज्ने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं १६:

यस गाउँपालिका वडा न २ वडा कार्यालयको च नं २४८ मिति २०७९/०८/१५ को पत्रानुसार माग भई आएको जग्गा कित्ता काट गर्न सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १७:

आ.ब. २०७९/८० को निति तथा कार्यक्रम र बजेटमा भएको व्यवस्था बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयको लागि आवश्यक गाउँ प्रहरी नियुक्तिको लागि गाउँ प्रहरी संचालन तथा परिचालन सम्बन्धि कार्यविधि निर्माण गर्ने र सोहि कार्यविधि बमोजिम विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं १८

यस गाउँपालिका भित्र रहेका विधार्थीहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्नको लागि शैक्षिक संस्था अनुदान बाट भुक्तानी दिने गरि कार्यविधि निर्माण गरि लागु गर्ने निर्णय गरियो।

निर्णय नं १९

यस गाउँपालिकाको वडा नं २ कोदारि चौकी डाँडा मोटर बाटो सरसफाईको लागि प्राविधिक शाखा बाट कार्य सम्पन्न मुल्यांकन बमोजिमको रकम सडक तथा पुल पुलेसा अन्तर्गतको विनियोजित बजेट बाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २०

वडा नं २ को वडा कार्यालयले आयोजना गरेको बृहत सास्कृतिक कार्यक्रममा भएको खर्च रु ४ लाख ६३ हजार सास्कृतिक कार्यक्रम शिर्षकमा विनियोजिट रकम बाट भुक्तानी दिने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २१

यस गाउँपालिकाको टुसारे धारापानी मोटर बाटो निर्माण गर्नु अति आवश्यक भएकोले सो क्षत्रमा सडक निर्माणको लागि शैलुङ हाइड्रोपावर संग समन्वय गर्नु आवश्यक भएकोले आवश्यक समन्वय गरी सडक निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं २२

आ.व २०७८/०७९ मा संचालन भएको योजनाहरुको Construction नम्स २०४१ र सडकमा डोलिडार नम्स प्रयोग गरि योजनाहरु संचालन भएकोले सोहि अनुसारको नम्स प्रयोग भएकोले उक्त दर विश्लेषणलाई समर्थन गरी चालु आ.व बाट Construction नम्स २०४१ र Department of Roads को नम्स प्रयोग गरि आयोजनाहरु संचालन गर्ने निर्णय गरियो।

निर्णय नं २३

भौगोलिक बिकटताका कारण गाउँपालिका भित्र प्रयोग गर्ने एक्साभेटरले प्रति घण्टा औशत १८ लिटर इन्धन खपत हुने देखिएकोले आ.व २०७८/०७९ मा सडक तथा अन्य निर्माण कार्य गर्दा सोहि अनुसारको इन्धन खपत भएकोमा सोहि अनुसारको खपतलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं २४

जिल्ला समन्वय समिति संग तपशिल बमोजिमको आयोजनाहरुको लागि बजेट माग गर्ने निर्णय गरियो ।

क) वडा नं १ को वडा कार्यालय भवन निर्माण आयोजना

ख) सेतिदेवी आ.वि. काङलाङमा विद्यालय भवन निर्माण तथा घेराबार आयोजना

निर्णय नं २५

यस भोटेकोशी गाउँपालका भित्रको आमाहरु मध्य प्रसुति/सुत्केरी भएको बेला आमाको मृत्यू भएमा र उक्त आमाबाट जन्मेको शिशु जिवित भएमा निज शिशुको पालन पोषण र हेरचाहको प्रति महिना रु २५००/- (पच्चिस सय) का दरले  दिने निर्णय गरियो ।

निर्णय नं २६

आसन्न २०७९ मंशिर ०४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको लागि निर्वाचन कार्यालयको प्राप्त पत्रानसार यस भोटेकोशी गाउँपालिकामा स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम संचालन गर्दा र सुरक्षा निकायले प्रयोग गरेको गाडि भाडा समेत कुल रु २ लाख ५० हजार मात्र खर्च अनुमोदन गर्ने निर्णय गरीयो ।

समाप्त